# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३ ) काठमाडौं, जेठ २५ गते २०५० साल ( संख्या ८

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

संस्था दर्ता (चौथो संशोधन) नियमावली, २०५०

संस्था दर्ता नियमावली, २०३४ लाई संशोधन गर्न वान्छनीय भएकोले संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमहरुको नाम "संस्था दर्ता (चौथो संशोधन) नियमावली, २०५०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. संस्था दर्ता नियमावली, २०३४ को नियम ५ मा संशोधन : संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :–

५. दर्ताको अवधि, नवीकरण र दस्तूर : (१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महीनाभित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट एकसय रूपैयाँ दस्तूर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गरानुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाइ दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तूरमा देहाय बमोजिमको थप दस्तूर लिई नवीकरण गरी दिन सक्नेछ:–

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महीनाको लागि रू १००।–

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रू २५०।–

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रू ५००।– को दरले दुई आर्थिक वर्षको लागि रू १,०००।–

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि हालसम्म म्याद भित्र नवीकरण नगराएका संस्थाहरूले यो नियम लागू भएको एक वर्ष भित्रमा दर्ताको प्रमाण-पत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाइ दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तूरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि पाँचसय रूपैयाँका दरले थप जरीवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरी दिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संस्थाले बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा स्थानीय अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि एकसय रूपैयाँ दस्तूर लिई एकै पटक पाँच वर्ष सम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरी दिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरूको नामावली संलग्न गर्नु पर्नेछ ।

(७) उपनियम (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी स्थानीय अधिकारीले श्री ५ को सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

आज्ञाले

भोजराज पोखरेल

श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६०२

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव श्री वेदव्यास क्षेत्री निजी अन्तर्राष्ट्रिय कानून सम्बन्धी हेग सम्मेलनको सत्रौं अधिवेशनमा भाग लिन मिति २०५०।२।७ गते त्यसतर्फ जानु भएकाले र सह-सचिव श्री सुरेशमान श्रेष्ठ एशियाली विकास बैंकसँग हुने ऋण वार्तामा भाग लिन मनिला जानु भएकोले सो सचिव पदमा सह-सचिव श्री सुरेशमान श्रेष्ठ फर्की हाजिर भएपछि उहाँलाई र सचिव श्री वेदव्यास क्षेत्री वा सह-सचिव श्री सुरेशमान श्रेष्ठ फर्की हाजिर नभएसम्मका लागि निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विनोदकुमार देवकोटालाई कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका का.मु.सचिव श्री पुरुषोत्तम भट्टराई क्यानाडाको मन्ट्रियलमा सम्पन्न हुने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को एसेम्बलीको ३२ औं असाधारण महाधिवेशनमा भाग लिन प्रतिनिधि-मण्डलको नेतृत्व गरी त्यसतर्फ प्रस्थान गर्नुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लक्ष्मणप्रसाद उपाध्यायलाई मिति २०५०।२।१० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६३

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४८।१२।६ को निर्णयानुसार देहायका व्यक्तिलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उप-समूहको रा.प. तृ. प्रा. (शाखा अधिकृत) स्तरको असिष्टेन्ट इन्जिनियर पदबाट सोही सेवा समूह र उप-समूहको रा.प.द्वि.प्रा. (सहायक सचिवस्तर) को डिभिजनल इन्जिनियर पदमा मिति २०४८।१२।६ देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी निम्नानुसार पदस्थापन गरिएको छ ।

| सि.नं. | नाम, थर | पदस्थापन गरिएको कार्यालय |
|---|---|---|
| १. | श्री ईश्वरीप्रसाद पौड्याल | खा.पा.तथा ढल निकास विभाग, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय पोखरा । |

### सूचना २

श्री ५ को सरकारको मिति २०४९।८।२१ को निर्णयानुसार देहायका व्यक्तिलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, स्यानिटरी उप-समूहको रा.प.तृ.प्रा. (शाखा अधिकृत) स्तरको असिष्टेन्ट इन्जिनियर पदबाट सोही सेवा समूह र उप-समूहको रा.प.द्वि.प्रा. (सहायक सचिवस्तर) को डिभिजनल इन्जिनियर पदमा मिति २०४८।१२।६ देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी निम्नानुसार पदस्थापन गरिएको छ ।

| सि.नं. | नाम, थर | पदस्थापन गरिएको कार्यालय |
|---|---|---|
| १. | श्री गजेन्द्रकुमार ठाकुर | खा.पा.तथा ढल निकास विभाग, पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय धनकुटा । |

आज्ञाले,
शिवबहादुर प्रधानाङ्ग
श्री ५ को सरकारको सचिव

### भूलसुधार

खण्ड ४३ संख्या ३ मिति २०५०।१।२१ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ को दफा १ को उपदफा (२) र (३) मा "उपदफा (१)" हुनुपर्नेमा "उपदफा (२)" हुन गएकोले भूलसुधार गरिएको छ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६४